




राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily



रु. १.५ मा
कलर भिजिटिङ कार्ड
साथै
तुरुन्त क्यालेण्डर पुस्तक,
स्मारिका आदि छपाई गर्नु परेमा
सम्पर्क:
०६१-५७०६५१, ९८५६०७५५७५



❑ वर्ष २३ ❑ अङ्क ८८ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७८ चैत २९ गते मंगलबार ❑ 12 April 2022 ❑ पृष्ठ ४ ❑ मूल्य रू. ५।-


## गठबन्धनमा एसको भूमिका महत्वपूर्ण हुन्छ : नेपाल

**पोखरापत्र संवाददाता**
**बागलुङ, २८ चैत**

नेकपा (एकीकृत समाजवादी)का अध्यक्ष माधवकुमार नेपालले आसन्न स्थानीय तहको निर्वाचनमा गठबन्धनमा रहेका दलहरूमध्ये नेकपा(एस)को भूमिका महत्वपूर्ण रहेको बताउनुभएको छ।

पुराना नेताहरू रहेको नयाँ दल भए पनि जनताको आकर्षण एकीकृत समाजवादीमा रहेको भन्दै उहाँले गठबन्धको नेतृत्व गर्ने दल आफ्नै दल भएको बताउनुभयो । उहाँले आफ्नो पार्टीबाट गठबन्धनमा रहेका अरु पार्टीले आशा राख्ने भएकाले ढुक्क भएर



निर्वाचनका कार्यक्रममा लाग्न कार्यकर्तालाई आग्रह गर्नुभयो ।

विचार मिल्नेहरूका बीचमा तालमेल गरेर तीनै तहको निर्वाचनमा होमिन लागेको भन्दै उहाँले दक्षिण पन्थी अवसरबादका विरुद्धमासँगै लडाइँको मैदानमा जाने दाबी गर्नुभयो । कम्युनिष्ट पार्टी बनाउनेले नै विद्रोह गर्नुपरेको इतिहास आफ्नो पालामा पनि दोहोरिएको उहाँले बताउनुभयो । पार्टी कार्यकर्ता प्रशिक्षणमा बागलुङआउनुभएका नेता नेपालले आज बागलुङ बजारमा भेलालाई सम्बोधन गर्दै कार्यकर्ताबाट तर्सिने नेताबाट देशले कुनै आसा गर्न नसक्ने समेत बताउनुभयो ।

उहाँले आफ्नो पार्टीमा जनलहर सुरु भएको पनि बताउनुभयो । संस्थापक पुष्पलालदेखि आफ्नो पालामासमेत नेतृत्वको अर्कमन्यताले विद्रोह गर्नुपरेको नेपालको भनाइ छ । इतिहासमा पुष्पलालले विद्रोह गरेको स्मरण गर्दै उहाँले बहुमतलाई कारबाही गर्न खोजेपछि आफूले विद्रोह गर्न बाध्य भएको बताउनुभयो । नेपालले भन्नुभयो, "विरोधीजति सबै निकाल्छु भनेपछि शिर निहुराएर बस्न सकिएन ।" उहाँले बैठकबाट भाग्ने नेता, बन्दुकबाट भाग्ने सिपाहीबाट केही आस गर्न नसकिने बताउनुभयो ।

## एमालेबाट वडा नं १३ मा बसन्त उम्मेदवार

**पोखरापत्र संवाददाता**
**पोखरा, २८ चैत**

नेकपा एमाले पोखरा १३ वडा कमिटीको भेलाले आगामी स्थानीय निर्वाचनका लागि अध्यक्षमा बसन्त बराललाई उम्मेदवार सिफारिस गरेको छ । त्यसैगरी सदस्यहरुमा क्रमश खुला महिला सदस्यमा कृष्णकुमारी गुरुङ, दलित महिला सदस्यमा कमला विक, खुला सदस्यमा निलकण्ठ सिग्देल र अमजत अलिमिया उम्मेदवार बनाउने टुंगो हालै लागेको हो । ५ उम्मेदवारमध्ये ३/३ जनाको नाम सिफारिस गर्न सकिने भए



पनि १/१ जनाको नाममात्रै सर्वसम्मत रुपमा भेलाले जिल्ला कमिटीलाई सिफारिस निर्णय गरेको वडा नं १३ का वडा अध्यक्ष दर्शन लामाले वताए ।

## 'महिला नेतृत्वमा पुग्दा राम्रो काम गर्न सफल भएका छन्'

**रासस**
**काठमाडौं, २८ चैत**

राजनीतिज्ञ, अधिकारका क्षेत्रमा कार्यरत, व्यवसायी, शिक्षाका क्षेत्रमा कार्यरतलगायतले महिला नेतृत्वमा पुग्दा राम्रो काम गर्न सफल भएको बताएका छन् ।

नारी म्यागजिनले सोमबार आयोजना गरेको अन्तर्क्रिया कार्यक्रममा उहाँहरूले सबै क्षेत्रमा महिलाको नेतृत्व स्थापित गर्न आवश्यक भएको बताउनुभयो । प्रथम महिला आरजु राणा देउवाले आफूले मिडिया, सेना, प्रहरी, इञ्जिनीयरिङलगायत सबै क्षेत्रमा महिलाको नेतृत्व हेर्न चाहेको बताउनुभयो ।

उहाँले भन्नुभयो, "राष्ट्रपति, सभामुखलगायतका विभिन्न क्षेत्रमा महिला पुग्नुभएको छ, अरु क्षेत्रमा पनि महिला पुग्न आवश्यक छ ।" महिलाले राजनीतिमा गएपछि आफूले चाहेको परिवर्तन सम्भव हुने संविधानसभा सदस्य देउवाले बताउनुभयो । राजनीतिमा प्रत्यक्षरूपमा संलग्न हुँदा नै राज्यको कार्यक्रम र नीति बनाउन सकिने उहाँले बताउनुभयो । राजनीतिमा लाग्दा कतिपय कठिनाइ भए पनि परिवर्तन गर्न सकिने अवसर हुने उहाँको भनाइ छ । महिलाले दुःख पर्दा रुनसक्ने भए पनि पुरुषले नसकेको क्लिनिकल साइक्लोजिस्ट डा विजय ज्ञवलीले बताउनुभयो । उहाँका अनुसार उपचारका लागि आउने धेरै पुरुष रुने गरेका छन् र तिनलाई श्रीमती वा परिवारका अघि किन नरोएको भन्दा आफू कमजोर देखिन हुँदैन भन्ने मानसिकता पाइएको छ। अधिकारकर्मी सिर्जना सिंहले राजनीतिक परिवारमा छोरी वा बुहारीलाई अघि बढ्न सजिलो हुने बताउनुभयो । राजनीतिमा संलग्न सासू, ससुरा र श्रीमान्का कारण आफूले सधैँ सहयोग पाएको उहाँले बताउनुभयो ।

युनिग्लोब विद्यालयकी प्रधानाध्यापक भवानी राणाले बालबालिकाको पहिलो विद्यालय घर नै भएकाले आधारभूत कुरा घरमा नै सिकाउनुपर्ने बताउनुभयो । विद्यालयमा प्रधानाध्यापक र शिक्षक नै बालबालिकाका लागि 'रोल मोडल' बन्नसक्ने उहाँको भनाइ छ ।

व्यवसायी रितु वैद्यले विवाह र सन्तान जन्मिएपछि महिलाका जीवनमा धेरै चुनौती थपिने गरेको बताउनुभयो । परिवारले सहयोग गर्दा विवाहपछि पनि महिलाले करियर अघि बढाएर सफल बन्नसक्ने उहाँको भनाइ छ ।

## जातीय पहिचानका लागि राजनीति बुझ्न जरुरी छ : प्रदेश प्रमुख गुरुङ

**रासस**
**चितवन, २८ चैत**

गण्डकी प्रदेशका प्रमुख पृथ्वीमान गुरुङले जातीय पहिचानका लागि राजनीति बुझ्न जरुरी रहेको बताउनुभएको छ ।

तमु ह्युल छोंज धी गुरुङ् राष्ट्रिय परिषद्को चौथो राष्ट्रिय महाधिवेशनको आज उद्घाटन गर्दै उहाँले राजनीति बुझ्न नखोज्ने जातीय स्वभाव भएकाले यो समुदाय पछि परेको धारणा राख्नुभयो । जातीय स्वायत्तताका लागि राजनीतिको रस बुझ्न जरुरी रहेको गुरुङको



भनाइ थियो । उहाँले भन्नुभयो, "यो समुदायले राजनीतिमा पहुँच बढाउन आवश्यक छ ।" राजनीतिक दलभित्र रहेर सङ्घर्ष गर्नुपर्ने उहाँले बताउनुभयो । राजनीति बुझेर त्यहाँभित्र आफ्नो बलियो उपस्थिति खोज्न उहाँको आग्रह थियो । सो अवसरमा आदिवासी जनजाति आयोगका अध्यक्ष रामबहादुर थापामगर, आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानका उपाध्यक्ष गोकुल घर्ती मगर, नेपाल आदिवासी जनजाति महासङ्घका अध्यक्ष ग्याल्जे लामा शेर्पा, तमु प्ये ल्हु सङ्घ नेपालका अध्यक्ष हितकाजी गुरुङ, तमु धीं नेपालका अध्यक्ष हुम गुरुङलगायतले आ-आफ्नो धारणा राख्नुभएको थियो ।

महाधिवेशन मङ्गलबारसम्म चल्ने छ । महाधिवेशनमा सहभागी हुन ६५ जिल्लाका झण्डै एक हजार प्रतिनिधि चितवन आएका छन् । महाधिवेशनले तीनवर्षे कार्यकालका लागि ७७ सदस्यीय नयाँ कार्यसमिति चयन गर्ने आयोजकले जनाएको छ ।

## कालीगण्डकी नदी किनारामा प्रहरीको 'सिमुलेशन'

**प्रकाश डोटेल**
**स्याङ्जा, २८ चैत**

स्याङ्जा र पाल्पाको संगमस्थल रामनदीधाम (राम्दी) मा 'बाढी पहिरोमा उद्धार नमुना अभ्यास' (सिमुलेशन) गरिएको छ।

सशस्त्र प्रहरी बल नेपाल ३० नं. गुल्म स्याङ्जाको आयोजनामा सिमुलेशन गरिएको हो। कालीगण्डकी नदी किनारामा बाढी पहिरो आउँदा र नदीले बगाउँदा गरिने उद्धार, प्राथमिक उपचार र अस्पतालसम्म पुऱ्याउने बिधिका बारेमा नमुना अभ्यास गरिएको थियो । सशस्त्र प्रहरी बल नेपाल ४ मुक्तिनाथ बाहिनी र गण्डकी प्रदेश आन्तरिक मामिला मन्त्रालयको समन्वयमा सिमुलेशन गरिएको हो। बाढी पहिरो आउँदा कसरी र कुन कुन माध्यम उपयोग गरेर मानवीय र सोसंगै जोडिएका भौतिक संरचनाको उद्धार एवं सहयोग कसरी गर्न सकिन्छ भन्ने अभ्यास गराइएको सशस्त्र प्रहरी नायब उपरिक्षक मोहन न्यौपानेले जानकारी दिए। बर्षेनी बाढी पहिरो, चट्ट्याङ्, आगलागी, दुर्घट्ना र महामारी लगायतका बिपत्ती तथा प्रकोपले पुऱ्याउने जनधनको क्षती न्युनिकरणका



गर्न उद्धार टोलीले गर्नुपर्ने विविध कार्य, तयारीका बारेमा सिमुलेशन गरिएको न्यौपानेले बताए । बाढी र पहिरोजन्य जोखिममा नेपाल विश्वकै ३० औं नंम्बरमा रहेको स्पष्ट पार्दै उनले बर्षेनी बाढी पहिराले धेरै ब्यक्तिले ज्यान गुमाएका हुन्छन भने करोडौं मूल्यको सम्पती नष्ट हुँदै आएका बताए । प्राकृतिक तथा अन्य विपत्तीबाट छिटो छरितो जोगिन र जोगाउनका लागि तत्काल अपनाउन सकिने विधि र प्रक्रिया अपनाई सिमुलेशन गरिएको मुक्तिनाथ बाहिनीपति शम्भु सुवेदीले जानकारी दिए।

"विपत्ती र आपत्ती कति बेला आउछ त्यो कसैलाई थाहा नै हुदैंन ।" बाहिनीपति सुवेदी भने, "बिपत्तीका बेला सुरक्षाकर्मीले आफनो शरिरलाई जोखिममै राखेर पनि उद्धार कार्यमा खटिरहन्छन् ।" अभ्यासमा गरेजस्तै उद्धार टोली यसरी नै तयारी अवस्थामा खटिरहने उनले बताए। बर्षेनी गरिने अभ्यास अन्र्तगत चालु बर्ष लम्जुङ्मा भूकम्प सम्बन्धी, कास्कीमा फेवातालमा डुब्ने अभ्यास सम्बन्धी र स्याङ्जा विपद् उद्धार सम्बन्धी नमूना अभ्यास गरिएको बाहिनीपति सुवेदीले बताए । जिल्लामा हुने हरेक विपद्का बेला नेपाल प्रहरी, सशस्त्र प्रहरी, नेपाली सेनाले बढो जिम्मेवारीपूर्वक काम गर्दै आएको स्याङ्जाका प्रमुख जिल्ला अधिकारी एवं जिल्ला विपद् व्यवस्थापन समिति संयोजक समेत रहेका राजुप्रसाद पौडेलले बताए । विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन ऐन, २०७४ कार्यान्वयमा रहेको र जसका कारण विपद् व्यवस्थापन तथा उद्धारमा थप सहज बनेको प्रजिअ पौडेलले बुझाई छ। विपद् व्यवस्थापनको नमुना अभ्यास वडा तहसम्म पुऱ्याउनुपर्ने आवश्यकता रहेको उनले औल्याए । करिब डेढ घण्टाको नमुना अभ्यासमा क्रममा 'बाढी पहिरोमापरी कालीगण्डकी नदीमा चिच्चाउँदै बगेका ४ युवाहरुलाई केही सुरक्षाकर्मीले डोरीबाट हामफालेर, केही डुंगामा चढेर, केही पौडिदै गएर बग्दै आएका युवालाई उद्धार गरी, प्राथमिक उपचार गरेर अस्पतालसम्म पुऱ्याउने गरिएको थियो ।

नमुनाका रुपमा बेपत्ता एक ब्यक्तिलाई गोताखोरका माध्यमबाट खोजेर नदीबाट बाहिर निकाली मृत रहेको शरिर उनका आफन्तलाई जिम्मा लगाउनेसम्मका चरणबद्ध कार्य प्रर्द्धशन गरिएको थियो । बाढी पहिरोले घर भत्केपछि गरिने उद्धार र अस्थायी घर बनाई स्थानान्तरणसम्मका अभ्यास पनि समाबेश गरिएको सशस्त्र प्रहरी बल निरिक्षक उमेश ढकालले जानकारी दिए।





पुस्तक, स्मारिका, ब्रोसर, क्यालेण्डर, निमन्त्रणा कार्ड, बिल, रसिद, पोष्टर,पम्प्लेट, भिजिटिङ्ग कार्ड आदि छपाईसम्बन्धी कामका लागि हामीलाई सम्झनुहोस् ।

हिमालय अफसेट प्रेस
नयाँबजार, पोखरा
फोन नं. : ०६१–५७०६५१

# कास्की लिग: क्वाटरफाईनलका खेल मंगलबार

पोखरापत्र संवाददाता
पोखरा, २८ चैत

कास्कीमा जारी सावित्री निर्माण सेवा कास्की लिगमा लिग चरणका खेल सकिएको छ।



पोखरा रङ्गशाला स्थित वैकल्पिक खेलमैदान र पोखरा २५ हेम्जास्थित गौरी शंकर खेलमैदानमा गत २१ गतेदेखि सञ्चालनमा रहेको लिग चरणका खेल सोमबार सकिएको हो । लिग चरणका खेल सकिएसँगै क्वाटरफाईनल खेल पोखरा रङ्गशालामा सञ्चालन गरिने खेल संयोजक नर प्रसाद गुरुङले जानकारी दिए । उनका अनुसार पहिलो समुहबाट हेम्जा युनाईटेड क्लब ८ र नव आदर्श युवा क्लब १० अंक सहित अन्तिम आठमा प्रवेश गरेको छ। दोस्रो समुहबाट विष्णु पादुका क्लब ९ र ड्यामसाईड क्लब १० अंक सहित क्वाटरफाईलमा स्थान बनायो ।

तेस्रो समुहबाट सत्य युवा क्लब र शितलज्योती क्लब समान १२ अंक सहित छनौट भयो । अर्को समुहबाट एलजी एशोसियसन ११ र भ्याली स्पोर्टस् क्लब १० अंक सहित क्वाटरफाईनलमा प्रवेश गर्यो । क्वाटरफाईनलका खेल मंगलबार पोखरा रङ्गशालामै हुने संयोजक गुरुङले जानकारी दिए । उनका अनुसार पहिलो खेल नव आदर्श र शितलज्योती बिच हुनेछ । दोस्रो खेल सत्य युवा क्लब र हेम्जा युनाईटेड बिच प्रतिस्पर्धा हुनेछ । तेस्रो खेल ड्यामसाईड र भ्याली स्पोर्टस् बिच हुने खेल हुनेछ।

अन्तिम खेल विष्णुपादुका क्लबले एलजी एशोसियसनसँग प्रतिस्पर्धा गर्ने एन्फा कास्कीले जनाएको छ।

# दलहरु घर दैलोदेखि चुनावी प्रशिक्षणमा

श्रीकृष्ण सिग्देल
स्याङ्जा, २८ चैत

स्थानीयतहको निर्वाचन मिति नजिकिदै गर्दा राजनीतिकदलहरु घरदैलो देखि चुनावी प्रशिक्षण कार्यक्रममा व्यस्त छन् ।

चुनावी सरगर्मीका कारण ठुला देखि सानादलहरु अहिले जनताको घरदैलोमा पुगेका छन् भने कार्यकर्ताहरुलाई प्रशिक्षण दिने अभियानमा लागेका हुन् । २०७४ बैशाखमा सम्पन्न भएको स्थानीयतहको निर्वाचन पछि चुनिएका जनप्रतिनिधिहरुको कार्यकाल सकिदै छ । ५ बर्षमा आफुले चुनेर पठाएका जनप्रतिनिधिले जनताको काम कसरी गरे भन्ने समिक्षा पनि यो स्थानीयतहको निर्वाचन हुने छ । जनप्रतिनिधि सगँ सन्तुष्ट र असन्तुष्ट बनेका जनताले मुल्याङ्कन गर्ने बेला आएको नागरिक समाजका अध्यक्ष ओमप्रकाश शर्मा बताउछन् । संघीय संविधान बनेसगै बनेको नयाँ शासकीय संरचना अनुरुप स्थानीयतहमा चुनिएका जनप्रतिनिधिको काम र शैली प्रति धेरै नागरिक सन्तुष्ट नदेखिएको शर्माको तर्क छ।

५ बर्ष जनप्रतिनिधिले गरेको काम देखेका जनताको घरदैलोमा फेरी बैशाख ३० गते हुने निर्वाचनका लागि दलहरु



भोट माग्न जानेक्रम बढेको छ । नेपाली काँग्रेस सहित गठबन्धन एकातिर र नेकपा एमाले एकातिर बिच हुने प्रतिष्पर्धाको नतिजा भने मतदान पछि नै हुने छ । आगामी स्थानीयतहको निर्वाचनमा गठबन्धन दलहरु एकता र सहकार्य गरी अगाडी बढ्ने भनेपनि घरदैलो र चुनावी प्रशिक्षण अभियानमा भने छुट्टाछुट्टै देखिएका छन् । नेपाली काँग्रेसले 'घर घर– जाऔं काँग्रेस जिताऔं' भन्ने अभियान लिएर घरदैलो, टोल विकास समिति गठन देखि पालिकास्तरमा प्रशिक्षण चलाएको छ भने नेकपा एमाले भातृसंगठन पुर्नगठन, टोल विकास समिति गठन र वाडस्तरीय भेलामा व्यस्त देखिएको छ। यस्तै नेकपा माओवादी केन्द्र पालिकास्तरका बैठक सम्पन्न पछि वडातहमा जाने तयारीमा रहेको बुझिएको छ।

नेकपा एमालेबाट छुट्टिएर नयाँ दल बनेको नेकपा एकिकृत समाजवादी भने संगठन बिस्तार सगै प्रशिक्षण अभियानमा जुटेको छ । अन्य सानादलहरु भने भित्रभित्रै रणनीनितिक योजनामा रहेपनि जनताको घरदैलो वा वडातहमा पुगेको देखिदैन। ठुला ६ राजनीतिकदल बाहेक १३ सानादलहरुले जिल्ला निर्वाचन कार्यालयमा आफ्नो विवरण बुझाएको निर्वाचन कार्यालयका प्रमुख गुरु प्रसाद मरासिनीले बताए । स्वतन्त्र उमेदवार बाहेक स्याङ्जामा १९ राजनीतिकदलले आगामी बैशाक ३० गतेको निर्वाचनमा सहभागी हुने मरासिनीको भनाई छ।

उमेदवार मनोनयनको मिति नजिकिदै गर्दा उमेदवार छनोटमा पनि भित्रभित्रै दलहरु तयारीमा जुटेका छन् । बिशेष गरी नेपाली काँग्रेस र नेकपा एमालेमा उमेदवार बन्न धेरै नेताहरु आकाँक्षी देखिएपछि छनोटमा सकस हुने देखिएको छ। यसका लागि नेपाली काँग्रेसले वडातहका उमेदवार र पालिका प्रमुख उपप्रमुखका लागि उमेदवार माग्ने प्रक्रिया अगाडी बढाएको नेपाली काँग्रेस स्याङ्जाका प्रवक्ता भरत लम्सालले जानकारी दिए । सिफारीस गर्ने कार्यलाई अगाडी बढिरहेको र गठबन्धन बिच छलफल पछि मात्रै वडातहको उमेदवार टुङ्गिने र प्रमुख उपप्रमुखको बिषय भने एक साता पछि मात्रै टुङगिने लम्सालले बताए।

नेकपा एमालेले पनि उमेदवार टुङ्गाउने क्रमलाई जारी राखेको छ । केही वडाहरुमा उमेदवारको टुङ्गो लागेपनि पालिका प्रमुख उपप्रमुखको भने छलफलकै क्रममा रहेको एमाले श्रोतले जनाएको छ । दलहरुले उमेदवार छनोट गरि चुनावी मैदानमा पठाएपछि मात्रै स्याङ्जामा चुनावको सरगर्मी बढ्ने देखिएको छ।

# महर्षि गुरुकुलमा भावातीत ध्यान शिविर सम्पन्न

पोखरापत्र संवाददाता
पोखरा, २८ चैत

पोखरामा सञ्चालित पाँच दिवसीय भावातीत ध्यान शिविर सम्पन्न भएको छ।



नेपाल महर्षि वैदिक फाउण्डेशन काठमाण्डौ र महर्षि गुरुकुल वेद विद्याश्रम पोखरा-३ नारायणस्थानको संयुक्त आयोजनामा सञ्चालित भावातीत ध्यान शिविर सोमबार एक कार्यक्रमकाबिच सम्पन्न भएको हो। ध्यान, योग र यज्ञका माध्यमबाट नै विश्वलाई शान्त पार्न सकिन्छ भन्ने हेतुले ध्यान शिविरको आयोजना गरिएको आयोजकले जनाएको छ।

ज्येष्ठ नागरिकलाई लक्षित गरी आयोजना गरिएको ध्यान शिविरमा युवापुस्ता समेत गरी १९ जनाको सहभागीता रहेको थियो । विश्वमा नेपालले मात्र शान्तिको नेतृत्व गर्न सक्छ भन्ने महर्षि महेश योगीको भनाईलाई साकार पार्नका निमित्त ध्यान, योग र रुद्राभिषेक यज्ञ सञ्चालन गरी कार्यक्रमलाई निरन्तरता दिईएको फाउण्डेशनका अध्यक्ष दिपकप्रकाश बाँस्कोटाले बताउनुभयो। भावातीत ध्यानले पार्ने प्रभाव, मानसिक रोगको निवारण तथा सामुहिक चेतनाले विश्वमा पार्ने प्रभावको बारेमा चर्चा गर्दै भावातीत ध्यान तथा सिद्धि प्रशिक्षिक शिव प्रसाद उपाध्याय (पौडेल)ले शिविरमा दिइएको ज्ञानलाई शक्तिमा बदल्ने गरी कार्यान्वयन गर्न आग्रह गर्नुभयो।

महर्षि गुरुकुल वेद विद्याश्रमका अध्यक्ष रामचन्द्र पौडेलले फाउण्डेशनले सुरु गरेको कार्यमा आफूहरुले पनि सहभागिता जनाउन पाएको भन्दै शिविरमा दिइएका ज्ञानलाई सही सदुपयोग गर्न आग्रह गर्नुभयो। उँहाले आगामि दिनमा पनि समय समयमा ध्यान शिविर, संगोष्ठि लगायतका कार्यहरु गरिराख्ने प्रतिबद्धता समेत व्यक्त गर्नुभयो । अध्यक्ष पौडेलले रेडियो सराङ्गकोट पोखराले ध्यान शिविरको मिडिया प्रवर्द्धन गरेको भन्दै आयोजकका तर्फबाट प्रशिक्षक तथा सम्पूर्ण सहयोगीप्रति धन्यवाद ज्ञापन गर्नुभयो।

आध्यात्मिक संसारसँगै भौतिक संसारमा सहज ढङ्गले जीवन यापन गर्नका लागी ध्यान र क्रियाको सुव्यवस्थित तरिका प्रयोग गर्न सबैलाई भावातीत ध्यान शिक्षक वीरेन्द्र सापकोटाले आग्रह गर्नुभयो । विद्याश्रमका अध्यक्ष रामचन्द्र पौडेलको सभापतित्वमा भएको कार्यक्रममा ज्येष्ठ नागरिक तथा वडा नं. ३ पोखराकापूर्वअध्यक्षगोविन्दध्वज श्रेष्ठ, विद्याश्रमका सचिव शान्तिदेवी पराजुली, सहभागी कमला पौडेल, हरिहरप्रसाद पराजुली, शिव भट्राई लगायतले शिविरमा प्राप्त ज्ञानलाई सही सदुपयोग गर्ने प्रतिबद्धता जाहेर गर्दै आध्यात्मिक संसार र भौतिक संसार दुवैमा रमाउने गरी काम गर्ने धारणा राख्नुभएको थियो । शिविरको सहजीकरण भावातीत ध्यान शिक्षक वीरेन्द्र सापकोटाले गर्नुभएको थियो।

# कृषि गणना गर्न १२ गणक र तीन सुपरीवेक्षक छनोट

रासस
मनाङ, २८ चैत

आगामी वैशाख ६ गतेदेखि मनाङमा कृषि गणना हुने भएको छ । जिल्ला कृषि गणना कार्यालयले कृषि गणनाका लागि १२ गणक र तीन सुपरीवेक्षक खटाएको छ । वैशाख ६ देखि जेठ १९ गतेसम्म गरिने गणनाका लागि छनोट भएका गणक र सुपरीवेक्षक अहिले तालिममा सहभागी भइरहेका छन् ।

गणक र सुपरीवेक्षकलाई जिल्ला कृषि गणना अधिकृत इन्द्रविलास कोइराला तथा जिल्ला कृषिगणना अधिकृत सुदर्शन गौतमले प्रशिक्षण दिइरहनुभएको छ।

कृषि गणनाका लागि छनोट गरिएका कृषकका परिवारसँग कृषिका गतिविधिबारे विस्तृत विवरण सङ्कलन गरिनेछ । गणनाअन्तर्गत पारिवारिक, व्यावसायिक तथा संस्थागतरूपमा सञ्चालन भइरहेको कृषि कार्यको विवरण सङ्कलन गरिने जिल्ला कृषि गणना कार्यालयका कृषि गणना अधिकृत इन्द्रविलास कोइरालाले जानकारी दिनुभयो।

उहाँका अनुसार जिल्लामा १६७ गणना क्षेत्रबाट करिब चार हजार १७५ कृषक परिवारको गणना गरिने भएको छ।

गणनाका लागि करिब दुई दर्जन प्रश्न समेटेर प्रश्नावली तयार पारिएको अधिकृत कोइरालाले बताउनुभयो। कृषि गणनाबाट कृषिसँग सम्बन्धित सम्पूर्ण विवरण प्राप्त हुने अपेक्षा गरिएको छ। खेतीयोग्य जमिन, जमिनमा प्रयोग भइरहेको मलदेखि विषादीसम्मको विवरण समेट्ने गरी प्रश्नावली बनाइएको छ।

कृषि गणनाबाट कृषि क्षेत्रको योजनातर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनमा तथ्याङ्कले सहयोग पुऱ्याउनेछ । विसं २०१८ देखि केन्द्रीय तथ्याङ्क विभागले हरेक १०/१० वर्षमा राष्ट्रिय कृषि गणना गर्दै आइरहेको छ। यो सातौँ कृषि गणना रहेको हो।

## सर्पदंश (सर्पको टोकाई) बाट बच्न...

- घर वरीपरी सर्प लुक्न सक्ने सम्भावित स्थानको खोजि गरी त्यस्ता ठाँउहरुको व्यवस्थापन गरौं,
- घरवरीपरि सफा राखौं, प्वालहरु टालौ,
- खुलास्थानमा शौच नगरौं,
- खालि खुट्टा नहिडौं, जुत्ता वा गमबुट लगाऔं,
- लठ्ठि लिएर हिंडौं,
- सम्भव भएसम्म खाटमा सुतौं,
- सुत्दा झुलको अनिवार्य प्रयोग गरौं,
- सुत्नेबेलामा ओछ्यान राम्ररी हेरौं,
- राती हिंड्दा टर्चको प्रयोग गरौं,
- पराल दाउरा आदि निकाल्दा होसियारी अपनाऔं

नेपाल सरकार
विज्ञापन बोर्ड

प्यारालाइसिसका बिरामीको उपचार

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरुको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिंड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.
पोखरा-८ न्यूरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

के तपाईमा यौनसम्बन्धी समस्या छ

पुरुषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ्ग चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्वन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरुषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म

सम्पर्क स्थान :
माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरुले यथाशीघ्र सम्पर्क गर्नुहोला।

कपालको उपचार

कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन् ।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगावै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६

फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E–mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

आशा गरिबको सबै भन्दा ठूलो सम्पत्ति हो ।
- एल्फ्रेड डे

## सम्पादकीय

# पाँच दलीय सिण्डिकेट

निर्वाचनमा समान उदेश्य भएका दलहरूबीच गठबन्धन र तालमेल हुन्छ । नेपालका राजनीतिक दलहरू विभिन्न समयमा गठबन्धन गरेर निर्वाचनमा गएका छन् । बामपंथी दलहरूबीच चुनावका बेला गठबन्धन र तालमेलका नारा लाग्ने गर्छ । एक वाम एक ठाम भन्नेमा चर्चा विगतमा भएका हुन् । एक वाम एक ठाम भन्ने नारा प्राय कार्यान्वयन भएको छैन । २०७४ सालको संसदीय निर्वाचनमा एमाले र माओवादी बीच गठबन्धन भएको थियो । प्रतिनिधि सभा, राष्ट्रिय सभामा दुई दल मिलेर बहुमत ल्याउन सफल भएका थिए । त्यस अघि २०७४ को स्थानीय तहको निर्वाचनमा काङ्ग्रेस र माओवादीबीच गठबन्धन भएको थियो ।

त्यो गठबन्धन सफल बन्न सकेन । अहिले फेरि पाँच दलबीच गठबन्धन गर्ने सहमति भएको छ । पाँच दलका शिर्ष नेताले तालमेल गरेर जाने अपिल गरेका छन् । देशभरि तालमेल हुने संकेत देखिन्छ । एमाले विरुद्ध एक हुनेछ अठोट प्रकट गर्दै आएका छन् । अझ स्थानीय तहको आवश्यकताअनुसार गठबन्धन र तालमेल गर्ने निर्णय भएको छ । स्थानीय आवश्यकता हेरेर तालमेल गर्ने निर्णयले धेरैलाई आशावादी बनाएको थियो । सत्ता गठबन्धन बाहेकका दलसँग तालमेल गर्नुपर्ने शर्त स्थानीय आवश्यकता विपरीत हुन्छ । लुम्बिनी प्रदेशमा सत्तारुढ गठबन्धन दलका नेताहरू सबै पालिकामा गठबन्धन गर्न तयार नभएको अवस्थामा यी बाहेकका अन्य दलसँग गठबन्धन गर्न नपाइने कडा नियम बनाएका छन् । नेपाली उखान खाए खा नखाए घिच भनेजस्तै अवस्था बनाउन खोजिएको छ ।

गठबन्धन दलले लुम्बिनी प्रदेशमा पाँच दलबाहेक अन्य दलसँग चुनावी तालमेल गर्न नपाउने औपचारिक निर्णय सोमबार गरेका छन् । बुटवलमा बसेको पाँच दलीय गठबन्धनका नेताहरूको बैठकबाट पाँच दलबाहेक अन्य कुनैसँग चुनावी तालमेल नगर्ने निर्णय गरिएको छायो ठेक्कामा ठेकेदारले अपनाउने शैली हो । बैठकले चुनावी गठबन्धनका पाँच दलको प्रतिनिधित्व रहने गरी संयुक्त चुनावी संयन्त्र बनाएको छ । जिल्ला स्तरीय गठबन्धन संयन्त्रको बैठकबाट सहमति कायम गरी रिपोर्ट प्रदेशमा पठाउन निर्देशन दिने निर्णय भएको छ ।

गठबन्धन दलको संयुक्त स्थलगत अनुगमन गर्ने निर्णयसमेत गरेको छ । कार्यदलमा नेपाली कांग्रेसका राजु खनाल, नेकपा माओवादीका लुमकान्त न्यौपाने, नेकपा एकीकृत समाजवादीका अशोक कोइराला, राष्ट्रिय जनमोर्चाका बोमबहादुर खत्री र जनता समाजवादी पार्टीका अशोकुमार यादव रहेका छन् । परिवर्तनका उपलब्धि र गणतन्त्रको रक्षाका लागि गठबन्धन दलहरूको काँधमा थप जिम्मेवारी थपिएकाले स्थानीय निर्वाचनका लागि गठबन्धनलाई थप व्यवस्थित र मर्यादित बनाउनका लागि पाँच दलले गठबन्धन गरेको दलिल पेस गरेका छन।अस्थिरता निम्त्याउने, आतंक फैलाउने र अनैतिक काम सिण्डिकेट चलाउनेको योजनाका रुपमा गठबन्धन बनेको हो । जुन देश र जनताको हितमा छैन । विज्ञप्तिमा नेपाली कांग्रेस सभापति अमरसिंह पुनमगर, नेपाल कम्युनिस्ट पार्टी माओवादी केन्द्र अध्यक्ष सुदर्शन बराल, नेपाल कम्युनिस्ट पार्टी एकीकृत समाजवादी सचिव राजु गुरुङ, जनता समाजवादी पार्टी अध्यक्ष अशोकुमार यादव, राष्ट्रिय जनमोर्चाका बद्रे आलमले संयुक्त रूपमा हस्ताक्षर गरी बैठकले गरेका निर्णयबारे जानकारी गराएका छन् ।

# साढे चार सय युवाले पाए रोजगारी

**पोखरापत्र संवाददाता**
**लमजुङ, २८ चैत**

यहाँ प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत ४४३ युवाले रोजगारी पाएका छन् ।

मर्स्याङ्दी गाउँपालिकामा सञ्चालित यस कार्यक्रमअन्तर्गत एक हजार ३६३ पुरुष र ९३७ महिला गरी उक्त सङ्ख्यामा युवाले रोजगारी पाएका हुन् ।

गाउँपालिका अध्यक्ष अर्जुन गुरुङका अनुसार चालू आर्थिक वर्षको साउनदेखि गत फागुन महिनासम्म पालिकाका बेरोजगार युवाले रोजगारी पाएका हुन् । यहाँ गाउँपालिकामा सूचीकृत बेरोजगारको सङ्ख्या हेर्दा दुई हजार ३०० रहेकामध्ये एक हजार ३६३ पुरुष र ९३७ महिला रहेका छन् । तीमध्ये उक्त सङ्ख्याले रोजगारी पाएको गाउँपालिकाले जनाएको छ । ती रोजगारी पाएका युवाले पालिकाका विभिन्न स्थानमा बाटो बनाउने, सिँढी बनाउने, नयाँ बाटो खोल्ने, नाली निर्माण गर्ने, मोटरबाटो सोलिङ, बाटो सफा गर्ने लगायतका काम गरिरहेका छन् ।

प्रतिव्यक्ति रु ५७७ का दरले दैनिक पारिश्रमिक पाइने उक्त पालिकाका रोजगार उहाँको भनाइ छ । यस कार्यक्रमका लागि कूल बजेट रु दुई करोड ८० लाख २० हजार रहेको पालिकाले जनाएको छ । गाउँपालिका अध्यक्ष गुरुङले प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी बन्दै गएको र यसले गाउँ विकासका साथै युवाले रोजगारी पाउँदा उनीहरूलाई थप सहज भएको बताउनुभयो ।

# कागवेनीमा उद्घोषण तालिम सम्पन्न

**पोखरापत्र संवाददाता**
**मुस्ताङ, २८ चैत**

बारागुङ मुक्तिक्षेत्र गाउँपालिका मुस्ताङको आयोजनामा महिलाहरुको लागि एक हप्ते उद्घोषण ,भाषण तथा नेतृत्व विकास तालिमको समापन भएको छ ।

तालिमको समापन कार्यक्रममा बोल्दै गाउँपालिकाका अध्यक्ष फेन्चोक छेत्तेन गुरुङले महिलाहरुको बोल्ने कलामा आएकोपरीवर्तनलेआफुप्रभावित भएको बताए । महिलाहरुलाई समाजको मुलधारमा ल्याउन यो तालिमले विशेष भूमिका खेल्ने उनले विश्वास व्यक्त गरे । तालिममा सिकेका कुराहरु व्यवहारिक जीवनमा लागु गर्नुपर्ने उनको भनाई थियो ।

कार्यक्रममा बोल्दै वरीष्ठ कविराज निरीक्षक जर्नादन आचार्यले तालिमले सहभागीहरुमा विभिन्न कार्यक्रममा निर्धक्क बोल्न सक्ने तथा आफ्ना कुराहरु भन्न सक्ने क्षमताको विकास भएको बताए । गाउँपालिकाका उपाध्यक्ष दिकी गुरुङको अध्यक्षतामा भएको कार्यक्रममा गाउँपालिकाका आन्तरीक लेखा परीक्षक प्रेम भट्टराई,स्वास्थ्यं संयोजक खगेन्द्र बोहरा .कर्मचारी देवेन्द्र थापाले पनि बोलेका थिए भने प्रशिक्षार्थी छिनडोमा गुरुङले स्वागत मन्तव्य राखेका थिए । कुल पच्चीस जना सहभागी कार्यक्रममा सञ्चारकर्मी गोविन्द थापाले सहजीकरण गरेका थिए ।




# साढे चार सय युवाले पाए रोजगारी

**पोखरापत्र संवाददाता**
**लमजुङ, २८ चैत**

यहाँ प्रधानमन्त्री रोजगार कार्यक्रमअन्तर्गत ४४३ युवाले रोजगारी पाएका छन् ।

मर्स्याङ्दी गाउँपालिकामा सञ्चालित यस कार्यक्रमअन्तर्गत एक हजार ३६३ पुरुष र ९३७ महिला गरी उक्त सङ्ख्यामा युवाले रोजगारी पाएका हुन् ।

गाउँपालिका अध्यक्ष अर्जुन गुरुङका अनुसार चालू आर्थिक वर्षको साउनदेखि गत फागुन महिनासम्म पालिकाका बेरोजगार युवाले रोजगारी पाएका हुन् । यहाँ गाउँपालिकामा सूचीकृत बेरोजगारको सङ्ख्या हेर्दा दुई हजार ३०० रहेकामध्ये एक हजार ३६३ पुरुष र ९३७ महिला रहेका छन् । तीमध्ये उक्त सङ्ख्याले रोजगारी पाएको गाउँपालिकाले जनाएको छ । ती रोजगारी पाएका युवाले पालिकाका विभिन्न स्थानमा बाटो बनाउने, सिँढी बनाउने, नयाँ बाटो खोल्ने, नाली निर्माण गर्ने, मोटरबाटो सोलिङ, बाटो सफा गर्ने लगायतका काम गरिरहेका छन् ।

प्रतिव्यक्ति रु ५७७ का दरले दैनिक पारिश्रमिक पाइने उक्त पालिकाका रोजगार उहाँको भनाइ छ । यस कार्यक्रमका लागि कूल बजेट रु दुई करोड ८० लाख २० हजार रहेको पालिकाले जनाएको छ । गाउँपालिका अध्यक्ष गुरुङले प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी बन्दै गएको र यसले गाउँ विकासका साथै युवाले रोजगारी पाउँदा उनीहरूलाई थप सहज भएको बताउनुभयो ।


# म्याग्दीको अत्यन्तै दुर्गम गाउँका बासिन्दालाई मोवाईल सेवा

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २८ चैत**



जिल्लाको अत्यन्तै विकट तथा दुर्गम गाउँ मल्कबाङ, मलम्पार लगायतका अन्य गाउँका स्थानियलाई यस भन्दा अगाडी सञ्चार सेवा नहुँदा निकै कठिनाई भेल्दै आउनु परेको थियो । कुनै जानकारी र सूचना आदान प्रदान गर्न या आफन्तलाई केहि भन्न र सरकारी कामकाज गर्न र गराउन घण्टौं पैदल यात्रा गरेपछि सम्बन्धित ठाउँमै पुगेर मात्र जानकारी हुने गर्दथ्यो ।

यो क्षेत्रमै मोवाईल सेवा नहुँदा स्थानियले निकै सास्ती खेप्दै आईरहेका थिए तर अहिले नेपाल टेलिकमले आफ्नो सेवा विस्तार गरेपछि यो समस्या हटेर गएको छ भनें स्थानियबासी पनि खुसी भएका छन । नेपाल टेलिकमले धौलागिरी गाउँपालिका वडा नं ५ मल्कबाङको धुरीमा १२ मिटर अग्लो टावर निर्माण गरि टुजी र थ्रीजी सेवा एकसाथ सञ्चालनमा ल्याए सँगै नमस्ते मोवाईल प्रयोगकर्ता लाभान्वित भएका छन । टावर सञ्चालनमा आएपछि धौलागिरी गाउँपालिकाको वडा नं ५ मल्कबाङ, मलम्पार, भेडीखाल्टा, होपा, वडा नं ६ को मराङ, बुल गाउँ, रघुगंगा गाउँपालिकाको वडा नं ८ कुईने खानी, मालिका गाउँपालिकाको वडा नं ७ बिमको अधिकांश भुभागमा कभरेज भएसँगै स्थानिय खुसी भएका हुन । टेलिकमले डिजिटल नेपाल निर्माण गर्ने लक्ष्य अनुरुप अत्यन्तै विकट र दुर्गम बस्तीलाई पहिलो प्राथमिकतामा राखेर आफनो सेवा विस्तार र स्तरोन्नती कार्यलाई तीव्र रुपमा अगाडी बढाईरहेको सन्दर्भमा उक्त स्थानमा सेवा सुचारु गरिएको नेपाल टेलिकम बागलुङका प्रमुख तथा वरिष्ठ ईन्जिनियर केशव शर्माले जानकारी दिए ।

स्थानियलाई मध्यनजर गर्दै टेलिकमले अहिले टुजी मार्फत भ्वाईस र थ्रिजी मार्फत भ्वाईस अनि डाटा एकसाथ सञ्चालनमा ल्याएको उनले बताए । शर्माले भनें "म्याग्दी जिल्लाकै निकै दुर्गम र विकट रहेको उक्त स्थानमा मोवाईल सेवा सुचारु भए सँगै पहिले डाँडा तिर पुगेर बल्लतल्ल कुराकानी गर्नुपर्ने, ईन्टरनेटको पहुँच बाहिर रहनुपर्ने बाध्यता हटेको छ"। यो क्षेत्रमा पहिले नेटवर्क नै थिएन धेरै भुभाग र बस्तीमा सिग्नल कभरेजमा समस्या थियो त्यसकारण हामीले प्राविधिक रुपमा अध्ययन गरेर सबै बस्ती र भुभाग समेटने गरि यो टावर निर्माण गरि सेवा सुचारु गरेपश्चात अहिले समस्या हल भएको कार्यालय प्रमुख शर्माको भनाई छ । आफना पालिकाबासी नागरिकको सूचना र सञ्चारको समस्यालाई मध्यनजर गरि गाउँपालिकाको सहयोग, स्थानियबासी सँग समन्वय र नेपाल टेलिकम सँगको सहकार्यमा स्थायी संरचना निर्माण गरि मोवाईल सेवा सुचारु गर्न सफल भएको धौलागिरी गाउँपालिकाका अध्यक्ष थमसरा पुनले जानकारी दिईन । टेलिकमले उक्त स्थानमा मोवाईल सेवा सञ्चालन गर्न एक वर्ष पहिले देखि धौलागिरी गाउँपालिका र स्थानिस सँग आवश्यक समन्वय र गृहकार्य गरिरहेको थियो ।

टेलिकमले उक्त टावरमा डेढ दुई हप्ता भित्र अत्याधुनिक प्रविधीको चौथो पुस्ताको फोरजी मोवाईल सेवा उपलब्ध गराउन आवश्यक गृहकार्य गरिरहेको जनाएको छ । सेवा नपुगेको ठाउँमा सेवा विस्तार गर्ने र सञ्चालन भएका ठाउँमा आवश्यकता अनुरुप सेवालाई समय सापेक्ष स्तरोन्नती गर्दै लैजाने टेलिकमले जनाएको छ ।

मोवाईल सेवा सुचारु भएपछि पहिले डाँडा तिर धाउनु पर्ने बाध्यता हटेको स्थानिय समाजसेवी अमर छन्त्यालले बताए । भौगोलिक विकटता सँगै सञ्चार सेवा नहुँदा गाउँलेले निकै समस्या भेलेका थिए अहिले घरभित्रै बसेर फोनमा कुराकानी गर्न पाउँदा र मोवाईलमा ईन्टरनेट चलाउन पाउँदा आफूहरु हर्षित भएको धौलागिरी गाउँपालिका वडा नं ५ मलम्पार निवासी घन बहादुर दर्जीको भनाई छ ।

# गलेश्वरमा रामसीताको स्तम्भ

**पोखरापत्र संवाददाता**
**म्याग्दी, २८ चैत**

बेनी नगरपालिका-९ स्थित गलेश्वर मन्दिर परिसरमा भगवान राम र सीताको स्तम्भ प्रतिस्थापना गरिएको छ ।

दश जना दाताले आर्थिक संकलन गरेर गलेश्वर मन्दिर अगाडि स्थापना भएको ती स्तम्भमा नियमित नित्यपूजाका लागि थप रु तीन लाख १५ हजारको अक्षयकोष स्थापना गर्नुभएको छ । करिब सात फिट अग्लो स्तम्भ भित्र एक करोड २७ लाख श्रीराम मन्त्र लेखिएको कागजलाई पानीले नभिज्ने गरी बाकसमा राखिएको छ । स्तम्भका शिरमा भएको राम र सीताको मूर्तिलाई पित्तलको छाताले ओढाइएको छ । पोखराका लेखनाथ घिमिरे, हिमलाल बराल, टेकनाथ पौडेल, रामप्रसाद बराल, बिष्णुमाया पौडेल, तिलोचन पौडेल, कुलप्रसाद पराजुली, मायादेवी बास्तोला, धराकाा कुलचन्द्र भट्टराई र लमजुङका हराराम दासले स्तम्भमा राख्ने मन्त्र उपलब्ध गराउनुभएको गलेश्वर शिवालय क्षेत्र विकास कोषले जनाएको छ । स्तम्भको रामनवमी पर्वको अवसर पारेर आइतबार कोषका अध्यक्ष माधवप्रसाद रेग्मीले शुभारम्भ गर्नुभयो । "धर्मशास्त्रहरुमा राम र शिवले एक अर्काको सम्मान र सहकार्य गरेको हुनाले गलेश्वर शिवालयमा रामसिताको मुर्ति राखिएको हो," उहाँले भन्नुभयो "मन्त्र सहितको रामसीताको स्तम्भले गलेश्वरमा धार्मिक शक्ति केन्द्रित गरेको छ ।"

कालीगण्डकी नदी किनारमा नौ रोपनी क्षेत्रफलमा फैलिएको गलेश्वर मन्दिरमा शिव, पार्वति, नटराज, जडभरत, गलेश्वरबाबा, नाग, राधाकृष्ण लगायत हिन्दू धर्मावलम्बीका भगवानका मन्दिर र मूर्तिका साथै १०८ शिवलिङ्ग छन् । गलेश्वरमा महाशिवरात्री, बालाचर्तुदर्शी र साउन महिनाको सोमबारका दिन बिशेष मेला लाग्ने गर्छ । गलेश्वरधामलाई हिन्दू तथा बौद्ध धर्मावलम्बीहरुको साझा तीर्थ स्थल मुक्तिनाथको प्रवेशद्वारका रुपमा चिनिन्छ ।

द्वापरयुगमा सतिदेवी गला पतन भएकाले गलेश्वर नाम रहन गएको यस स्थानमा दर्शन र पूजाआजा गरेमा सुख, शान्ति, सम्बृद्धि र मनोकामना पुरा हुने विश्वास छ । पूर्वाधार निर्माण, व्यवस्थापकीय सुधार र प्रचारप्रसारका कारण गलेश्वरमा पछिल्लो समय भक्तजनको संख्या बढेको छ ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : आर्थिक समस्या | तुला | : ब्यापारमा लाभ |
| वृष | : मन चञ्चल | वृश्चिक | : झमेला बढ्ने |
| मिथुन | : अप्रत्यसित लाभ | धनु | : कार्यमा सफलता |
| कर्कट | : मानसिक तनाब | मकर | : सहयोग मिल्नेछ |
| सिंह | : शारीरिक झमेला | कुम्भ | : सम्मान मिल्नेछ |
| कन्या | : शत्रुको भय | मीन | : सत्कार मिल्नेछ |

**हरिसिद्धि भविश्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइल: ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्फनुहोस् ।


# अर्जेन्ट चाहियो

**अफिसको लागि**
**साधारण लेखपढः ३ जना**
**SLC, + 2 above : ५ जना**
**तलबः आर्कषण**
**सम्पर्कः**
**९८१५१५७८०२**
**९८४६६४७६२७**


# ट्रान्सक्रिप्ट हराएको सूचना

**म भेषण शाहको लेकसाइडदेखि सिद्धार्थचोक जाने क्रममा T.U. को एकेडेमिक ट्रान्सक्रिप्ट हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकको प्रहरी कार्यालय अथवा तलको नम्बरमा सम्पर्क गरिदिनुहोला ।**

**नामः भेषण शाह**
**ठेगानाः घोराही-११, दाङ**
Registration No: 3-1-45-126-2010
**सम्पर्क नं. : ९८०४१२०९९९**

# अपराध न्युनिकरणको लागि जनताको साथ र सहयोग अपरिहार्य : प्रजिअ आचार्य

पोखरापत्र संवाददाता
पोखरा, २८ चैत

सामुदायीक सेवा केन्द्र एवं सामुदायीक प्रहरी सेवा माटेपानीले आत्महत्या न्युनिकरण, लागुऔषध नियन्त्रण र लैङ्गिक हिंसा सम्बन्धी एक दिने जनचेतनामुलक कार्यक्रम सम्पन्न गरेको छ।



सेवा केन्द्रका अध्यक्ष मिरादेवी आचार्य अध्यक्षतामा भएको कार्यक्रममा कास्कीका प्रमुख जिल्ला अधिकारी (प्रजिअ) जयनारायण आचार्यको प्रमुख आतिथ्यता रहको थियो। पोखरा-१४ छिनेडाँडाँमा आयोजना गरिएको कार्यक्रममा स्थानीयहरुको सहभागीता रहेको थियो । कार्यक्रममा उद्घाटन मन्तव्य राख्दै प्रजिअ आचार्यले समाजमा अपराधिक कृयाकलाप बढ्दै गएको बताए । अपराध न्युनिकरण गर्न प्रशासन मात्र प्रयाप्त नहुने भएकाले समाजको साथ र सहयोग अपरिहार्य रहेको आचार्यले बताए । युवा पुस्तालाई लागुऔषधको कुलत बाट टाढै राख्न अभिभावकको भूमिका महत्वपूर्ण हुने भएकाले आफ्ना बालबालिकाको दैनिक कृयाकलापलाई निगरानी गर्न उनले आग्रह गरे।

यस्तै जिल्ला प्रहरी कर्यालय कास्कीका प्रमुख प्रहरी उपरिक्षक रमेश थापाले जिल्लामा दर्ता हुने मुद्धा मध्य ९० प्रतिशत मुद्धा लागुऔषधसंग सम्बन्धित रहेको जानकारी दिए । थापाले कास्की प्रहरीले लागुधौषध ओसारपसार गर्नेलाई विषेश निगरानी र अन्जानमा लागुऔषधमा फसेकालाई सुधार गर्ने अभियान चलाएको बताए। जिल्ला प्रहरी कार्यालय कास्कीका प्रहरी नायब उपरिक्षक सुन्दर तिवारीले आत्म हत्या गर्नेको संख्या बढ्दै गाएको जानकारी दिए । उनले गएको वर्ष भन्दा यस वर्ष कास्कीमा करिब १४ प्रतिशत आत्महत्याका घटना भएको बताए। आत्महत्या गर्नेमा पुरुषको संख्या बढि रहेको पनि उनले जानकारी दिए। चिठ्ठा पर्‍यो भन्दै ढग्ने क्रम बढ्दै गएको भन्दै सचेत रहन तिवारीले आग्रह गरे। सामाजिक संजाल चलाउदा सुरक्षाका उपाय अपनाउन पनि उनले कार्यक्रममा सहभागीलाई सुझाए । मनोरोग विशेषज्ञ डा. राजन शर्माले आत्महत्याका घटना बढ्नुमा मानसिक रोग कारण रहेको बताए। ९० प्रतिशत मानिसहरुले गर्ने आत्महत्या मानसिक रोगबाट हुने गरेको र चिन्ता रोग आत्महत्याको मुख्य कारक रहेको बताए। आत्महत्या न्युनिकरण गर्न समस्यालाई खुलेर छलफल गर्नु पर्ने र एक अर्कामा समस्या बाड्दा आत्महत्या गर्ने चाहना घटेर जाने डा. शर्माले बताए । अधिवक्ता गितादेवी लामिछानेले सामाजिक चालचलन र परम्पराबाटै लैङ्गिक हिंसा सुरु हुने बताइन् । उनले हिंसा न्युनिकरण गर्न घरघरबाट छोरा र छोरीबीचको विभेद अन्त्य हुनुपर्नेमा जोड दिइन् । पोखरा महानगर-१४ वडा सदस्य एवं कार्यपालिका सदस्य यशोधा केसी भट्टराईले वडाले सामाजिक विकास कार्यक्रम अर्न्तगत सचेतनामुलक कार्यक्रम संचालन गर्न सहयोग गरेको बताइन् । चुलो चौकोमा रहेका महिलाहरुलाई यस्ता कार्यक्रममा समेट्न आवश्यक रहेको उनले औल्याइन। केन्द्रका सदस्य किरण अधिकारीले कार्यक्रमको उदेश्य वारे बोल्दै समाजमा अपराधिक घटनाहरु बढ्दै गएको र त्यसलाई न्युनिकरण गर्न चेतनामुलक कार्यक्रमको आयोजना गरिएको बताए। यसले सुरक्षित समाजको निर्माणमा सहयोग पुग्ने उनले अपेक्षा व्यक्त गरे।

कार्यक्रम सेवा केन्द्र उपाध्यक्ष इन्दीरा पन्त आचार्यको स्वागत मन्तब्य र सचिव नेत्र बहादुर तिमिल्सिनाको संचालनमा सम्पन्न भएको थियो।

# बुद्ध विशाल बजारमा सम्मान तथा बिदाई कार्यक्रम

पोखरापत्र संवाददाता
पोखरा, २८ चैत



बुद्ध विशाल बजार ब्यापारिक एसोसियसनले अवकास प्राप्त सुरक्षा कर्मचारीलाई सम्मान तथा बिदाई गरेको छ।

बिशाल बजारमा बिगत ३६ बर्षदेखि कार्यरत सुरक्षा कर्मचारीहरु विर वहादुर घले तथा कमशेर गुरुङको विदाई कार्यक्रममा बोल्दै बुद्ध विशाल बजार ब्यापारिक एसोसियसनका अध्यक्ष केशव बहादुर खत्रीले बिशाल बजारमा कार्यरत सुरक्षा कर्मचारीको योगदानलाई आफुहरूले कहिले पनि भुल्न नसक्ने बताउदै समय परिस्थिति अनुसार बाध्यतावंश आफुहरूले नचाहादा नचाहदै पनि आफ्ना प्रिय कर्मचारीहरुको उमेर हदका कारण अवकास दिनु परेकोमा आफुहरूलाई दुःख लागेको बताए। कार्यक्रममा बोल्दै अध्यक्ष खत्रीले आफ्नो सम्पुर्ण जवानी तथा विशाल वजारलाई आफ्नै घर सम्झी धैरै वर्ष विताउनुभएका ईमान्दर बुवा सम्मानका आदणीय सुरक्षा कर्मचारीको योगदानलाई बुद्ध विशाल बजार ब्यापारिक एशोसियसनले कहिले पनि भुल्न नसक्ने बताउदै उहाँहरुको उज्वल भविस्यको कामना गरेका थिए।

कार्यक्रममा बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका कानुनी सल्लाहकार जगनाथ ढकाल सल्लाहकारहरु शिव शर्मा ध्रुव प्रसाद रेग्मी बुद्ध विशाल बजार व्यापारिक एशोसियसनका सचिव तथा सुरक्षा संयोजक राजु के.सी.ले बुद्ध विशाल बजारलाई आज यो अवस्थासम्म ल्याउन अवकास लिएका सुरक्षा कर्मचारीको विशेष योगदान रहेको बताउदै उहाँहरुले अवकास लिए पनि आगामी सुख दुःखका दिनहरुमा बुद्ध विशाल बजार ब्यापारिक एसोसियसन उहाँहरु सँगसगै रहेको बताए।

अवकास लिएका सुरक्षा कर्मचारीहरू विर वहादुर घले तथा कमशेर गुरुङलाई दोसल्ला, सम्मानपत्र तथा नगद पैसठी हजार तथा सन्चयकोषको पासबुक सहित बुद्ध विशाल बजार ब्यापारीक एसोसियसनले बिदाइ गरेको थियो।

सम्मान तथा विदाई कार्यक्रममा बुद्ध विशाल बजार ब्यापारिक एसोसियसनको रिक्त कार्यसमिति सदस्यमा माधव आचार्यलाई मनेनित गरी बुद्ध विशाल बजार ब्यापारिक एसोसियसनका अध्यक्ष केशव बहादुर खत्रीले सपथ खुवाएका थिए भने नव वर्ष २०७९ को उपल्यक्षयमा एसोसियसनले प्रकासित गरेको क्यालेन्डर विमोचन समेत गरिएको थियो।

कार्यक्रममा स्वागत मन्तव्य एसोसियसनका उपाध्यक्ष ईन्द्रराज अर्याललले गरेका थिए भने कार्यक्रम सन्चालन बुद्ध विशाल बजार ब्यापारिक एसोसियसनका महासचिव महासचिव बुद्धी बहादुर कुवरले गरेका थिए।

# बन्दीपुर मिनी ग्रेटवालको चौध सय मिटर कार्य पूरा

रासस
तनहुँ, २८ चैत

बन्दीपुरमा निर्माण गर्न लागेको बन्दीपुर मिनी ग्रेटवालको एक हजार ४०० मिटर कार्य सम्पन्न भएको छ। बन्दीपुर गाउँपालिका- २ स्थित थानीमाई मन्दिरबाट मुकुन्देश्वरी डाँडासम्मको चार किलोमिटरमध्ये हालसम्म उक्त दूरीको कार्य पूरा भएको हो।

चीनको जस्तै झल्को दिने गरी बन्दीपुर मिनी ग्रेटवाल नाम दिइएको मणिमुकुन्देश्वरी पर्खाल निर्माणमा रु एक करोडको काम भइसकेको गाउँपालिकाका अध्यक्ष पूर्णसिं थापाले जानकारी दिनुभयो।

हालै रु पाँच करोडको बोलपत्र परेको छ। उहाँले भन्नुभयो, "आधुनिक पदमार्ग बन्दीपुर बजारबाट सुरु भई थानीमाई, समिभञ्ज्याङ हुँदै मुकुन्देश्वरी गढी जोड्ने योजना रहेको छ।" 'थानीमाई मुकुन्देश्वरी पर्यटकीय पदमार्ग' नामकरण गरी थालिएको पदमार्गको चौडाइ चार मिटर र पर्खालको उचाइ दुई फिट रहेको छ। 'मिनी ग्रेटवाल' निर्माणपछि आन्तरिक पर्यटकको आगमनमा वृद्धि हुँदै गएको छ। अन्य दिनको तुलनामा बिदा, शुक्रबार र शनिबारका दिन पर्यटकको बाक्लो भीड लाग्ने गरेको अध्यक्ष थापाले बताउनुभयो । पछिल्लो समय बाह्य पर्यटकको समेत चहलपहल बढ्न थालेको छ। पर्यटन पूर्वाधार साझेदारी कार्यक्रमअन्तर्गत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयबाट रु सात करोड विनियोजन भएको छ।

नेपाल सरकारको रु चार करोड ५५ लाख नेपाल सरकारको र गाउँपालिकाको रु दुई करोड ४५ लाख साझेदारी रहेको जनाइएको छ । उक्त विनियोजित बजेटले पर्खाल निर्माण गर्ने, पार्क, कफी शप, होटल लगायतका संरचना निर्माण गर्ने योजना छ।

डुम्रे बजारबाट नौ किलोमिटर नागबेली उकालो यात्रा तय गरेपछि बन्दीपुर पुग्न सकिन्छ । यहाँबाट मनोरम हिमशृङ्खला, पहाड र टाकुरा हेर्न सकिन्छ । पश्चिमको धौलागिरिदेखि अन्नपूर्ण, माछापुच्छ्रे, मनास्लु, बुद्ध हिमालदेखि पूर्वका गणेश हिमाल र लाङ्टाङ, हिमशृङ्खलाका सयौं चुचुरा बन्दीपुरबाट सजिलै देख्न सकिन्छ।

# सत्तासाझेदार दलले तनहुँको पालिकास्तरमा सुझाव संकलन गर्ने

पोखरापत्र संवाददाता
दमौली, २८ चैत

स्थानीय तह निर्वाचनका लागि सत्तासाझेदार दलले तनहुँका सबै पालिकामा सुझाव सङ्कलन गर्ने भएको छ । अगामी वैशाख ३० गते हुने सो निर्वाचन लागि जिल्लास्तरीय गठबन्धन समितिको आइतबार बसेको बैठकले दशवटै पालिकामा सुझाव सङ्कलन गर्ने निर्णय गरेको हो।

नेकपा माओवादी केन्द्रको कार्यालयमा बसेको बैठकले चार नगरपालिका र छ गाउँपालिकामा पालिकास्तरीय सुझाव सङ्कलन गरी अर्को बैठक वैशाख २ गते बस्ने निर्णय गरेको नेपाली कांग्रेस तनहुँका सचिव लक्ष्मीभक्त खनालले जानकारी दिनुभयो।

"गठबन्धनलाई बलियो बनाउनका लागि पालिकास्तरीय सुझाव सङ्कलन गरी कसरी अगाडि बढ्ने भन्ने विषयमा बैठकले सहमति गरेको छ", उहाँले भन्नुभयो, "पालिकास्तरमा बैठक राखेर सुझाव सङ्कलन गर्छौं।" कांग्रेस, माओवादी, नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टीले निर्वाचनमा गठबन्धन गरेर जाने सहमति गरिसकेका छन् । बैठकमा कांग्रेस जिल्ला सभापति जितप्रकाश आले, माओवादी केन्द्रका अध्यक्ष राजेन्द्रकेशरी न्यौपाने, एकीकृत समाजवादीका जिल्ला सचिव श्रीराम कार्की लगायतको सहभागिता थियो।

स्थानीय तह निर्वाचनका लागि नेकपा माओवादी म्याग्दे कमिटीले उम्मेदवार सिफारिस गरेको छ। माओवादीले अध्यक्ष, उपाध्यक्ष र सबै वडा कमिटीमा सर्वसम्मत उम्मेदवार सिफारिस गरेको हो । गाउँपालिकाको अध्यक्षमा दिलीपकुमार श्रेष्ठ र उपाध्यक्षमा जमुना अधिकारी सिफारिस हुनुभएको छ । यस्तै वडा नम्बर १ मा टेकबहादुर रसाइली, २ मा तिलक थापा, ३ मा शोभाकर दाहाल, ४ मा राजु राना, ५ मा विशाल विक, ६ मा प्रकाश भण्डारी र ७ मा बालकृष्ण श्रेष्ठ सिफारिस हुनुभएको छ।


प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय
स्वास्थ्य तालिम केन्द्र
गण्डकी प्रदेश पोखरा
फोन नं. ०६१-५२०३९६/५२३१०९

**चमेनागृह (क्यान्टिन) संचालन सम्बन्धी सिलबन्दी दरभाउपत्र आव्हानको सूचना।**

दोस्रो पटक प्रकाशित : २०७८/१२/२९

यस स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश पोखरामा क्यान्टिन संचालन गर्न आवश्यक भएकोले चालु आ.व.२०७८/०७९ मा चमेनागृह (क्यान्टिन) संचालनको कार्य गर्नको लागि नियमानुसार इजाजत प्राप्त इच्छुक फर्म/कम्पनीहरुले निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी दरभाउपत्र पेश गर्नु हुन दोस्रो पटक यो सूचना प्रकाशित गरिएको छ।

१. दरभाउपत्र फाराम रु १०००।- नगद (फिर्ता नहुने गरी) तिरी खरिद गर्नुपर्नेछ। दरभाउपत्र फाराम प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिनको १२ वजे भित्र खरिद गरि १.०० बजे भित्र दर्ता गर्न सकिनेछ।
२. शिलबन्दी दरभाउपत्र फाराम साथ दरभाउपत्रदाताले २०७८ साल आषाढ मसान्तसम्म नवीकरण भएको इजाजत पत्र, स्थायी लेखा नम्बर (मूल्य अभिबृद्धिकर सहित) प्रमाणपत्रको प्रमाणित प्रतिलिपी तथा आ.ब.२०७७/०७८ को करचुक्ता भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपी पेश गर्नु पर्नेछ।
३. म्याद भित्र दर्ता भएका दरभाउपत्रहरु १५ औं दिनको २:०० बजे दरभाउपत्रदाता वा निजको अधिकृत प्रतिनिधिको रोहबरमा खोलिनेछ। प्रतिनिधि उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
४. दरभाउपत्र खरिद गर्ने र बुझाउने अन्तिम दिनमा सार्बजनिक बिदा परेमा त्यसको भोलि पल्ट कार्यालय खुलेको दिनलाई अन्तिम मिति मानिने छ।
५. दरभाउपत्र स्वीकृत गर्ने वा नगर्ने वा आंशिकरुपमा स्वीकृत गर्ने वा रद्द गर्ने आदि सम्पुर्ण अधिकार यस केन्द्रमा सुरक्षित रहनेछ।
६. यो दरभाउपत्रको मान्य हुने अवधि ४५ दिन हुनेछ।
७. दरभाउपत्रमा कबूल गरेको कुल भाडा रकमको ३ (तिन) प्रतिसत धरौटी रकम प्रदेश लेखा नियन्त्रक कार्यालय,गण्डकी प्रदेशको धरौटी खाता नं. ३०२०१००२०२०३०००० तथा स्वास्थ्य तालिम केन्द्र, गण्डकी प्रदेश पोखराको कार्यालय कोड नं ३५५०३३९०१४ मा जम्मा गरी सो को सक्कलै भौचर वा वाणिज्य वैक वाट जारी वैक ग्यारेन्टीको पत्र संलग्न गरी पेश गर्नुपर्नेछ।
८. यस केन्द्रको छाप र अधिकार प्राप्त अधिकृतको दस्तखत भएको दरभाउपत्र फाराम खरिद गर्नु पर्नेछ।
९. यो दरभाउपत्रको सूचना अनुसार चमेनागृह (क्यान्टिन) संचालन गर्ने सम्बन्धी अन्य केहि कुराहरु बुझ्नुपरेमा यस तालिम केन्द्रमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिनेछ।
१०. यो सूचनामा उल्लेख भएका कुराहरु प्रचलित ऐन नियमहरुसंग नबाझ्केको हदसम्म दरभाउपत्र फाराममा यसै अनुसार र अन्य कुराहरु दरभाउपत्र फाराम,प्रचलित ऐन नियमहरु र सार्बजनिक खरिद ऐन २०६३ तथा नियमावली २०६४ अनुसार हुनेछ।


# अनुदानले किसानमा उत्साह

पोखरापत्र संवाददाता
बागलुङ, २८ चैत

बागलुङको काठेखोला गाउँपालिका-२ भीमापोखराका ऋषिराम शर्माले तरकारीकै भरमा घर चलाउनुहुन्छ। उहाँको खेतबारीमा फलेको तरकारी अहिले बागलुङ बजारका घर घरमा पुग्छ । उहाँले बजारका केही परिवारलाई आफ्नो नियमित ग्राहक बनाउनुभएको छ । सिजन अनुसारका तरकारी र प्लाष्टिक घरमा बेसिजनका तरकारीसमेत उत्पादन गरेर शर्माले आफ्ना ग्राहकलाई तरकारी पुर्‍याउनुभएको छ।

उहाँले वर्षेनी तीन खाल मूल्य बढीको तरकारी बजार पठाउनुहुन्छ। यो उहाँको हिउँदे र वर्षे आलुबाहेक तरकारीबाट मात्रै हुने आम्दानी हो । आलुबाट हुने आम्दानी जोड्दा उहाँले घर खर्च चलाउने, छोराछोरी पढाउने खर्च गरेर बचत गर्नुहुन्छ। प्रविधिले साथ दिएकाले ऋषिरामलाई तरकारी फलाउन र बिक्री गर्न सहज छ । ऋषिरामको प्लाटिक घरमा अहिले पनि अकवरे खुसानी र गोलभैंडा फलेका छन् । खेतमा लगाइएको बर्खे आलुले खेतैभरी हरियो बनाएको छ। पाँच मुरी आलुको बीउ लगाएका शर्माले ४० मुरी आलु फलाउने लक्ष राख्नुभएको छ। 'हिउँदे आलुको मूल्य परेन, बर्खामा त ५० रुपैयाँ किलो कसो नपर्ला र' शर्माले भन्नुभयो, "अहिले तरकारी खेती गर्दा पनि राम्रै हुन्छ भन्ने मलाई पनि लागेको छ, गाउँले पनि त्यसै भन्छन् ।'' शर्मा गाउँका अगुवा किसान पनि हुनुहुन्छ। उहाँले गरेको तरकारी खेती गरेको देखेर देखासिकी गर्नेहरु गाउँमा बढेका छन्। "अहिले गाउँमा तरकारी उत्पादन बढ्दो छ'', शर्माले भन्नुभयो, "किसानका लागि बिउदेखि औजार, उपकरणसमेत अनुदानमा पाउने भएपछि कृषिमा आकर्षण बढ्दो छ।' व्यावसायिक उत्पादन गर्ने किसानलाई फार्म दर्ता गरेमा अनुदान दिने गरेको छ।


**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

पोखरा महानगरपालिका वडा नं १८ बस्ती संरक्षणको लागि तटबन्धन निर्माण कार्य सम्पन्न गर्दा भएको सम्पूर्ण आम्दानी खर्च सरोकारवालाहरुको लागि यो सार्बजनिक सूचना प्रकाशित गरिएको छ।

योजनाको नामः चंखपुर बस्ती संरक्षण निर्माण कार्य
स्थानः पोखरा–१८ कास्की
योजनाको कुल लागतः ४,४५,२१४.६२
योजना सम्झौता मितिः २०७८/१०/०३
योजना सुरु हुने मितिः २०७८/१०/०५
योजना सम्पन्न हुने मितिः २०७९/०२/३०
महानगरपालिकाबाट प्राप्त हुने रकमः रु ४,००,०००.००
उपभोक्ताको जनसहभागिता : रु २२,०००.००
उपभोक्ता समिति अध्यक्षः विष्णुराज तिमिल्सिना
अनुगमन समिति वडा अध्यक्षः रण बहादुर थापा
सदस्यः ज्ञान बहादुर थापा

**चंखपुर बस्ती संरक्षणको तटबन्धन निर्माण उपभोता समिति** पोखरा–१८, कास्की